# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

## बैठक -७१

मितिः २०७९/०१/१५ गते बिहान ११:०० बजे

**निर्णयहरुः**

१. महलेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ मा उल्लेखित बेरुजुहरुउपर उपसमितिहरुबाट प्राप्त प्रतिवेदन र विज्ञहरुसँगको समेत छलफलका आधारमा तय गरिएका दफाहरुउपर सम्बन्धित मन्त्रालय / कार्यालयको प्रतिक्रिया र प्रमाणहरु प्राप्त गर्नको निमित्त पुनः पत्राचार गर्ने।

२. समितिको वार्षिक प्रतिवेदन २०७९ निर्माणका लागि माननीय रमेश पौड्यालको संयोजकत्वमा तपशिलका माननीयहरु सदस्य रहने गरी वार्षिक प्रतिवेदन २०७९ मस्यौदा उपसमिति गठन गर्ने ।

   १. संयोजकः माननीय रमेश पौड्याल
   २. सदस्यः माननीय जीवन डंगोल
   ३. सदस्यः माननीय जुनेलीमाया श्रेष्ठ
   ४. सदस्यः माननीय रीता माझी
   ५. सदस्यः माननीय सीता अधिकारी

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।०९।१९ को माननीय मन्त्रीस्तरको निर्णयले उपभोक्ता समितिबाट योजना कार्यान्वयन गराउँदा लागत सहभागिता आवश्यक नपर्ने भनी गरेको प्रचलित कानून विपरित व्यवस्थाका कारण राज्यलाई रु २ करोड ८४ लाख पच्चिस हजार भन्दा बढी व्ययभार पर्न गई राज्यलाई क्षति भएको र यस्ता निर्णयहरुले गलत प्रवृत्तिको विकास गराई आर्थिक अनुशासनहीनतालाई प्रश्रय दिने भएकाले आगामी दिनमा स्थीर नीतिको व्यवस्था गरी यस प्रकारका निर्णय नगर्न र कसैबाट अभ्यास भएमा तत्काल निषेध गर्न सरकारलाई निर्देशन दिने ।